# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, श्रावण १२ गते, २०७६ साल (अतिरिक्ताङ्क १७

## भाग १

**प्रदेश सरकार**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ सालको ऐन नं. ११**

## प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको व्यवस्थापन एवं प्रवर्द्धन गरी यस प्रदेशलाई पर्यटकीय महत्वको क्षेत्रको रुपमा विकास गर्न र जनताको आर्थिक हितलाई मध्यनजर गर्दै आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले ।

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पर्यटन विकास ऐन, २०७६" रहेको छ।

(२) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ट्राभल एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा विभिन्न स्थानहरुमा दृश्यावलोकन सम्बन्धी प्रवन्ध मिलाउने सवारी साधन उपलब्ध भएको व्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ ।

(ख) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिहरुलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई

विभिन्न स्थानहरुमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "पथ प्रदर्शक" भन्नाले पारिश्रमिक लिई पर्यटकको साथमा रहने गरी पथ प्रदर्शनको लागि काम गर्ने यस ऐन बमोजिम ईजाजत प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ङ) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैरनेपाली नागरिकलाई सम्झनुपर्छ र सो शब्दले प्रदेश भित्र पर्यटकीय उद्देश्यले भ्रमण गर्ने नेपाली नागरिक समेतलाई बुझाउँछ ।

(च) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनुपर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश नं. १ को पर्यटनसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्दछ र सो शब्दले मन्त्रालय वा सो अन्तर्गतको विभाग, निर्देशनालय वा मन्त्रालयले तोकेको कार्यालय समेतलाई जनाउँछ ।

(ज) "होटल" भन्नाले यस ऐन बमोजिम दर्ता भई संचालन हुने होटल सम्झनुपर्दछ ।

(झ) "होमस्टे" भन्नाले स्थानीय मौलिक संस्कृति झल्किने गरी नीजि घरमा खाने बस्ने र मनोरञ्जन समेत गराउने उद्देश्यले शुल्क लिई पर्यटकको लागि गरिने घरायसी प्रबन्ध सम्झनुपर्छ ।

## परिच्छेद - २

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसम्बन्धी व्यवस्था

३. ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको काम गर्न ईजाजतपत्र लिनु पर्ने : (१) प्रदेश नं. १ भित्र कार्य क्षेत्र तोकी ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने फर्म वा व्यक्तिले यस ऐन बमोजिम ईजाजतपत्र लिनुपर्नेछ ।

(२) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत लिन चाहने फर्म वा व्यक्तिले तोकिए बमोजिम विवरण खुलाई मन्त्रालय वा तोकिएको अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त प्राप्त भएपछि मन्त्रालय वा तोकिएको अधिकारीले जाँचबुझ गरी दरखास्तवालालाई ट्राभल वा ट्रेकिङ एजेन्सिको मापदण्ड पूरा गरेमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम एक महिनाभित्र इजाजतपत्र प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र प्रदान गर्नका लागि मन्त्रालय वा तोकिएको अधिकारीले थप विवरण वा थप कागजपत्र आवश्यक महसुस गरेमा पन्ध्र दिनको समय दिई त्यस्तो विवरण वा कागजपत्र पेश गर्न सम्बन्धित

दरखास्तवालालाई आदेश दिन सक्नेछ र दरखास्तवालाले तोकिएको समयमा बुझाउनु पर्ने विवरण वा कागजात बुझाउनु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम जाँचबुझ गर्दा वा थप विवरण र कागजात अध्ययन गर्दा इजाजत दिन नसकिने देखिएमा इजाजत दिन नसक्ने कारण र आधार समेत खुलाई निर्णय गरी निर्णय गरेको मितिले सात दिनभित्र दरखास्तवालालाई मन्त्रालय वा तोकिएको अधिकारीले लिखित जानकारी दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको जानकारी पाउने व्यक्तिले त्यस्तो जानकारी उपर चित्त नबुझेमा तीस दिनभित्र तोकिएको अधिकारीको निर्णय भए मन्त्रालय समक्ष र मन्त्रालयको निर्णय भए प्रदेश सरकार समक्ष लिखित निवेदन दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालय वा प्रदेश सरकारले तीस दिनभित्र आवश्यक निर्णय गर्नुपर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

४. <u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण</u> : (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई मन्त्रालयले तोके बमोजिम सुविधा दिन सक्नेछ ।

५. <u>अयोग्यता</u> : दफा ४ को उपदफा (२) बमोजिमको इजाजतपत्र देहायको व्यक्तिलाई दिइनेछैन ।

(क) करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नभएको व्यक्ति वा फर्म,

(ख) साहूको दामासाहीमा परेको व्यक्ति वा फर्म,

(ग) दफा ९ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज भै सो मितिले तीनबर्ष अवधि भुक्तान गरी नसकेको व्यक्ति वा फर्म,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाई कैद भुक्तान भएको एक वर्षको अवधि ननाघेको व्यक्ति,

(ङ) गम्भीर प्रकृतिको फौजदारी अपराधमा अदालतमा मुद्दा चलिरहेको व्यक्ति वा फर्म,

(च) कालो सूचिमा परेको अवधी तीन वर्ष व्यतीत नगरेको व्यक्ति वा फर्म।

६. <u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनु पर्ने</u> : यस ऐन बमोजिम इजाजत प्रास ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफूले उपलब्ध गराएको सुविधा बापत पर्यटकवाट लिइने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनुपर्नेछ ।

७. <u>परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी गर्नु पर्ने</u> : यस ऐन बमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा संघीय सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी तोकिए बमोजिम गर्नुपर्नेछ।

८. <u>इजाजतपत्र निलम्बन गर्ने अधिकार</u> : (१) देहायको अवस्थामा मन्त्रालयले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र बढीमा ६ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछ।

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको कुनै कुरा उल्लंघन गरेमा,वा

(ख) दफा ५ बमोजिम अयोग्य भएमा,वा

(ग) मन्त्रालयलाई दिनुपर्ने सूचना नदिएमा वा गलत सूचना दिएमा।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोल्ने इजाजतपत्र निलम्बन गर्नु अगाडि आफ्नो सफाई पेश गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्नेछ ।

९. <u>इजाजतपत्र खारेज गर्न सक्ने</u> : (१) दफा ८ बमोजिम निलम्बन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले इजाजतपत्र खारेज गरेमा सम्बन्धित व्यक्तिले खारेजीको जानकारी पाएको मितिले तीस दिन भित्र प्रदेश सरकार समक्ष उजुरी दिन सक्नेछ ।

१०. <u>अनुमति पाई संचालन भइरहेको ट्रेकिङ्ग एजेन्सीले इजाजत लिनु पर्नेः</u> (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल सरकार वा सम्बन्धित निकायवाट अनुमति प्राप्त गरी ट्रेकिङ्ग एजेन्सी संचालन गरिरहेका व्यक्ति वा फर्मले पनि यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र तोकिएको विवरण खुलाई यो ऐन बमोजिमको इजाजतपत्र सूचिकृत गर्न मन्त्रालय वा तोकिएको अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र दरखास्त दिने व्यक्ति वा फर्मलाई तीस दिन भित्र मन्त्रालय वा तोकिएको अधिकारीले उक्त ट्रेकिङ्ग एजेन्सीलाई सूचिकृत गरी ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र दिनेछ ।

११. <u>दण्ड सजाय</u> : (१) यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सो सम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा मन्त्रालय वा तोकिएको अधिकारीले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(२) दफा ८ बमोजिम ट्राभल वा ट्रेकिङ्ग ऐजिन्सीको इजाजतपत्र निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीसम्बन्धी काम गरेमा निजलाई पचास हजार रुपैयाँ जरिवाना गर्न र मन्त्रालयले त्यस्तो व्यक्ति वा फर्मले पाएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र समेत खारेज गर्न सक्नेछ ।

(३) दफा ६ बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशित नगर्ने व्यक्ति वा फर्मलाई मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले पहिलो पटक कसुर गरेको भए पचास हजार रुपैयाँ र दोश्रो पटकदेखि पटकैपिच्छे एकलाख रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(४) यस दफा बमोजिमको आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित प्रदेशमा रहेको उच्च अदालत समक्ष पैतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ३

## पर्यटकस्तरको होटल, लज, रेष्टुरौं, रिसोर्ट तथा बार सम्बन्धी व्यवस्था

१२. होटल, लज, रेष्टुरौं तथा रिसोर्ट र बार दर्ता : (१) कसैले पर्यटकस्तरको होटल, लज, रेष्टुरौं, रिसोर्ट तथा बार संचालन गर्न चाहेमा यस ऐन बमोजिम दर्ता गरी इजाजत लिनुपर्नेछ ।

(२) कुनै व्यक्ति वा फर्मले आफ्नो होटल, लज, रेष्टुरौं,रिसोर्ट वा बारलाई पर्यटकस्तरमा दर्ता गराउन मन्त्रालय वा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ र त्यसरी दरखास्त दिंदा होटलको हकमा तोकिएको वर्गीकरणमा दर्ता हुने गरी दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएपछि मन्त्रालय वा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र तोकिएबमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पूर्व निवेदनसाथ संलग्न विवरणमा थप व्यहोरा खुलाउनु पर्ने भए खुलाउन लगाउन वा थप कागजपत्र आवश्यक भए त्यस्तो कागजपत्र दाखिला गराउन मन्त्रालय वा तोकिएको अधिकारीले पन्ध्र दिनको म्याद दिई आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको आदेश भएमा आदेश बमोजिमको विवरण वा कागजपत्र प्राप्त भएको एक्काईस दिनभित्र र आदेश दिनु नपर्ने भए निवेदन परेको मितिले तीस दिनभित्र त्यस्तो होटल, लज, रेष्टुरौं तथा रिसोर्ट,बारको दर्ता गरी तोकिए

बमोजिमको शुल्क लिई मन्त्रालय वा तोकिएको अधिकारीले दर्ता गरी इजाजतपत्र दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम दर्ता गरी इजाजतपत्र दिन नसकिने भए त्यस्तो आधार र कारण खोली दर्ता गर्न नमिल्ने व्यहोराको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिमको लिखित जानकारी दिने अधिकारीको निर्णयमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले तीस दिनभित्र तोकिएको अधिकारीको निर्णय भए मन्त्रालय समक्ष र मन्त्रालयको निर्णय भए प्रदेश सरकार समक्ष निवेदन दिनुपर्नेछ र त्यस्तो निवेदन परेकोमा आवश्यक जाँचबुझ गरी तीस दिन भित्र मन्त्रालय वा प्रदेश सरकारले आवश्यक निर्णय गर्नुपर्नेछ र मन्त्रालय वा प्रदेश सरकारको त्यस्तो निर्णय अन्तिम हुनेछ।

१३. स्तर निर्धारण समितिको गठन : (१) होटल, लज, रेष्टुराँ तथा रिसोर्ट वा बारलाई दर्ता तथा नवीकरण तथा वर्गीकरण गर्ने सम्बन्धमा सुझाव दिनको लागि मन्त्रालयले अध्यक्ष सहित बढीमा पाँचजना सदस्य रहने गरी स्तर निर्धारण समिति गठन गर्नेछ र त्यस्तो समितिले तोकिए बमोजिम स्तर निर्धारण सम्बन्धी सुझाव मन्त्रालय समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा रहने अध्यक्ष र सदस्यहरु मन्त्रालयले तोके बमोजिम हुनेछ र समितिमा रहने सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ ।

(३) स्तर निर्धारण समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) को समितिको सिफारिसमा मन्त्रालयले स्तर निर्धारण गर्नेछ ।

१४. <u>निरीक्षण वा परीक्षण गर्ने अधिकार</u> : (१) मन्त्रालय वा तोकिएको अधिकारीले दफा १२ बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ वा रिसोर्ट तथा बारको नियमित वा आकस्मिक निरीक्षण गर्न गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा वस्तुसम्बन्धी परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटल, लज, रेष्टुराँ वा रिसोर्ट तथा बारको निरीक्षण वा त्यसमा प्रयोग हुने सामान र सुविधा परीक्षण गर्दा तोकिएको स्तर बमोजिमको नपाइएमा मन्त्रालय वा तोकिएको अधिकारीले त्यस्तो होटल, लज, रेष्टुराँ वा रिसोर्ट तथा बारलाई तोकिएको स्तर कायम गर्न तोकिए बमोजिमको सूचना दिई म्याद दिनेछ ।

(३) उपदफा (२) बमोजिम म्याद दिंदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा मन्त्रालय वा तोकिएको अधिकारीले दफा १३ बमोजिमको स्तर निर्धारण समितिको राय लिई त्यस्तो होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारको दर्ता निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण तोक्न सक्नेछ र त्यसरी निलम्बन वा वर्गीकरण तोक्नुभन्दा पहिला आधार र कारण खोली सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा तोकिएको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले साविकमा तोकिएको स्तर कायम गरेमा होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारलाई पुनः साविकको

स्तरको वर्गीकरणमा दर्ता गर्न वा दर्ता निलम्बन गरिएकोमा निलम्बन फुकुवा गरी पाऊँ भनी सम्बन्धित होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले मन्त्रालयमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा तीस दिनभित्र त्यस्तो निवेदन उपर जाँचबुझ गरी आवश्यक निर्णय गरी मन्त्रालयले निर्णयको जानकारी निवेदकलाई तत्काल दिनुपर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्ममा साविकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारको हकमा मन्त्रालय वा तोकिएको अधिकारीले आधार र कारण समेत उल्लेख गरी दर्ता खारेज गर्न सक्नेछ र त्यस्तो खारेजीको सूचना सम्बन्धित पक्षलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता खारेज गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी पाएको पैतीस दिनभित्र दर्ता खारेजको निर्णय चित्त नबुझने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१५. <u>दररेटको सूचना प्रकाशित गर्नुपर्ने</u> : दफा १२ बमोजिम दर्ता भएको प्रत्येक होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले आफ्नो दर वा मूल्यको सूचना मन्त्रालय वा तोकिएको अधिकारी समक्ष पठाउनु पर्नेछ र तोकिए बमोजिम प्रकाशित गरी प्रचार समेत गर्नुपर्नेछ ।

१६. पर्यटन स्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार उपर बन्देज : दफा १२ बमोजिम दर्ता नभएको पर्यटन स्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले देहायको कुनै काम गर्न पाउने छैन ।

(क) पर्यटनस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोवारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नको निमित्त कुनै पर्यटक वा ट्राभल एजेन्सीसँग बिना अनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न ।

१७. दण्ड सजाय : (१) दफा १२ बमोजिम दर्ता नगराई पर्यटकस्तरको नभएकोलाई पर्यटकस्तरको हो भनी कुनै होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार संचालन गरेमा वा दफा १६(क) उल्लंघन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा वा पर्यटकसँग मन्त्रालयको अनुमति वेगर विदेशीसँग सोझै सम्पर्क राखेमा पहिलो पटक भए पच्चीस हजार रुपैयाँ, दोश्रो पटक भए पचास हजार रुपैयाँ र तेश्रो पटकदेखि प्रत्येक पटकको एकलाख रुपैयाँ मन्त्रालयले जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम मन्त्रालय वा तोकिएको निकायबाट खटिएका कर्मचारीलाई होटल, लज, रेष्टुराँ तथा रिसोर्ट वा बार निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरुको परीक्षण गर्न कसैले बाधा विरोध गरेमा

त्यस्तो व्यक्तिलाई मन्त्रालय वा तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएको अधिकारी वा मन्त्रालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित उच्च अदालत समक्ष पैंतीस दिनभित्र उजूरी दिन सक्नेछ ।

१८. <u>होमस्टे दर्ता र संचालन सम्बन्धी व्यवस्थाः</u> (१) कसैले होमस्टे संचालन गर्न चाहेमा त्यस्तो व्यक्ति वा संस्थाले दर्ता गराई संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता र संचालन हुने होमस्टेको नियमन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -४

## <u>पथ प्रदर्शकसम्बन्धी व्यवस्था</u>

१९. <u>पथ प्रदर्शक काम गर्न इजाजतपत्र लिनुपर्नेः</u> (१) यो ऐन बमोजिम तोकिएका पर्यटकीय स्थानको लागि पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिम इजाजतपत्र लिनुपर्नेछ ।

(२) पथप्रदर्शकको काम गर्न चाहने व्यक्तिले मन्त्रालय वा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त दिने व्यक्तिले तोकिए बमोजिम परीक्षा वा तालिममा सम्मिलित हुनुपर्नेछ र त्यस्ता परीक्षा वा तालिममा उत्तीर्ण हुने व्यक्तिलाई मन्त्रालय वा

तोकिएको अधिकारीले तोकिएको दस्तुर लिई तोकिएको ढाँचाको इजाजतपत्र दिनेछ ।

२०. अयोग्यता : देहायको व्यक्तिलाई पथ प्रदर्शकको इजाजतपत्र दिइने छैन :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय भुक्तान भएको दुई वर्ष समय व्यतित नभएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) यस ऐन बमोजिम पथ प्रदर्शकको इजाजतपत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भई नसकेको ।

२१. इजाजतपत्रको म्याद : (१) पथ प्रदर्शकको इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी सकिनु तीन महिनाअघि तोकिए बमोजिमको पथ प्रदर्शकले तोकिए बमोजिम इजाजतपत्र नवीकरण गर्नुपर्नेछ ।

२२. पथ प्रदर्शकको वर्गीकरण : पथ प्रदर्शकको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

२३. इजाजतपत्र हराएमा अर्को इजाजतपत्र लिन सकिने : (१) कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजतपत्र हराएमा तोकिएको म्यादभित्र मन्त्रालय वा तोकिएको अधिकारी समक्ष अर्को इजाजतपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले तोकिएको दस्तुर लिई तोकिए बमोजिम पुनः अर्को इजाजतपत्र दिन सक्नेछ ।

२४. पथ प्रदर्शकले गर्न नहुने कामहरु : पथ प्रदर्शकले देहायको कुनै काम गर्नु हुँदैन :-

(क) आफूले पथ प्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरु कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित विक्रेता वा अरु कुनै व्यक्तिसँग नगदी वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउन भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजतपत्र अरुलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन,

(घ) आफूले पथ प्रदर्शन गरेको पर्यटक विरुद्ध कुनै षडयन्त्र गर्न धोका दिन, निजको कानून विपरित गोपनीयता भंग गर्न ।

२५. इजाजतपत्र खारेज गर्न सकिने : (१) देहायको कुनै अवस्थामा मन्त्रालय वा तोकिएको अधिकारीले कुनै पथ प्रदर्शकको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैद सजाय पाएमा,

(ख) दफा २० को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा २४ बमोजिमको कुनै कुरा उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजत खारेज गर्नु अगाडी निजलाई आफ्नो सफाई पेश गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज भएमा त्यस्तो खारेजीको निर्णयमा चित्त नबुझेमा पथ प्रदर्शकले तोकिएको अधिकारीको निर्णय भए मन्त्रालय समक्ष र मन्त्रालयको निर्णय भए प्रदेश सरकारसमक्ष तीस दिनभित्र निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन परेको तीस दिनभित्र मन्त्रालय वा प्रदेश सरकारले आवश्यक निर्णय गर्नुपर्नेछ, त्यस्तो निर्णय अन्तिम हुनेछ ।

२६. <u>दण्ड सजायः</u> (१) देहायको कसुर गर्ने व्यक्तिलाई मन्त्रालयले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा पच्चीस हजार रुपैयाँ जरिवाना गरी निजलाई दुई वर्षसम्म पथ पदर्शकको कार्य गर्न नपाउने गरी प्रतिवन्ध लगाउन सक्नेछ ।

(ख) यस ऐन बमोजिम इजाजतपत्र नवीकरण नगरी पथ प्रदर्शकको काम चालु राखेमा पच्चीस हजार रुपैयाँ

जरिवाना र एक वर्षसम्म पथ प्रदर्शकको कार्य गर्न नपाउने गरी प्रतिवन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक कुनै पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा मन्त्रालय वा तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष उजुर गर्न सक्नेछ।

## परिच्छेद – ५

## अन्य पर्यटन व्यवसायसम्बन्धी

२७. जलयात्रा सम्बन्धी व्यवस्था : (१) कसैले पनि यस ऐन वा प्रचलित कानून बमोजिम अनुमति नलिई जलयात्रा सम्बन्धी व्यवसाय वा कुनै व्यावसायीक कार्य गर्नु हुदैन ।

(२) प्रदेश सरकारले तोकेका नदीहरुमा जलयात्रा सम्बन्धी व्यवसाय गर्न चाहने व्यक्तिले मन्त्रालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले तोकिए बमोजिम छानविन र जाँचबुझ गरी अनुमति दिन मनासिव देखिएमा मन्त्रालयले इजाजतका लागि एक महिनाभित्र तोकिए बमोजिम प्रदेश सरकार समक्ष सिफारिस सहित प्रस्ताव पेश गर्नेछ र प्रदेश सरकारले त्यस्तो प्रस्ताव प्राप्त

भएको दुई महिनाभित्र तोकिए बमोजिम इजाजत सम्बन्धी आवश्यक निर्णय गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रस्तावमा निर्णय भएपछि मन्त्रालयले १५ दिनभित्र तोकिए बमोजिम आवश्यक शर्त समेत उल्लेख गरी इजाजत पत्र प्रदान गर्नेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमको निवेदन उपर मन्त्रालयले छानविन गर्दा अनुमतिको प्रकृया अगाडी बढाउन मनासिव नदेखे मनासिव नदेखिनुको कारण र आधार समेत उल्लेख गरी निर्णय गरी निवेदकलाई निवेदन परेको मितिले तीन महिना भित्र लिखित जानकारी दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम जानकारी उपर चित्त नबुझेमा निवेदकले तीस दिनभित्र प्रदेश सरकार समक्ष निवेदन दिन सक्नेछ र प्रदेश सरकारले पैंतालीस दिनभित्र आवश्यक निर्णय गर्नेछ, त्यस्तो निर्णय अन्तिम हुनेछ।

(७) यस दफा बमोजिम इजाजतपत्र नलिइ वा यस दफाको उल्लंघन गर्ने गरी कुनै कार्य गरेमा मन्त्रालयले तोकिए बमोजिमको प्रक्रिया पुरा गरी एक लाखसम्म जरिवाना गर्न सक्नेछ ।

२८. <u>अन्य पर्यटन व्यवसायसम्बन्धी व्यवस्थाः</u> ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइड, केवलकार, रक क्लाइम्विङ, क्यानोइङ, धार्मिक पर्यटन र तोकिएका अन्य पर्यटन व्यवसायको दर्ता गर्ने इजाजत लिने, नवीकरण गर्ने,

संचालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## विविध

२९. **पर्यटकले ल्याएको मालसामानहरुको खरीद बिक्रीमा प्रतिबन्ध लगाउन सक्ने** : (१) प्रदेश सरकारले सूचना प्रकाशित गरी तोकिएको मालसामान कुनै पर्यटकले प्रदेशभित्र ल्याई यस प्रदेशमा बिक्री वा दान दातव्य गरी वा अरु कुनै प्रकारबाट हक छाडी दिन नपाउने गरी आदेश जारी गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश विपरीत कुनै मालसामान लिए दिएमा लिनेबाट सम्बन्धित मालसामान जफत गरी दिनेलाई बिगो बमोजिमसम्मको मन्त्रालय वा तोकिएको अधिकारीले जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३०. **प्रतिवेदन वा विवरण पेश गर्ने गराउने अधिकार**: (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा दफा (१२) बमोजिम होटल, लज वा यस ऐन बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने फर्म वा व्यक्तिले तोकिए बमोजिम आवधिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक मन्त्रालयले समय समयमा ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त फर्म वा व्यक्ति वा यस ऐन बमोजिम इजाजत प्राप्त होटल लज

वा अन्य पर्यटन व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गर्ने, गराउने फर्म वा व्यक्तिसँग आवश्यक देखिएमा अन्य विवरण समेत माग गर्न सक्नेछ ।

(३) प्रदेश सरकार वा मन्त्रालय वा तोकिएको अधिकारीले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा होटल वा लज वा यस ऐन बमोजिमको पर्यटन व्यवसायको कार्यालय वा त्यसको काम कार्वाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाब किताब तथा अन्य अभिलेख जाँचन जँचाउन सक्नेछ ।

३१. अरुलाई काम गर्न दिन नहुने : ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा होटल वा लज वा यस ऐन बमोजिमको अन्य पर्यटन व्यवसाय दर्ता गराउने फर्म वा व्यक्तिले आफ्नो व्यवसाय अरुलाई धितो बन्धक दिन वा अरु कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरु कसैलाई त्यस्तो व्यवसाय संचालन गर्न दिन हुँदैन ।

तर, यस ऐन बमोजिम इजाजत लिई संचालन गरेको पर्यटन व्यवसायले कुनै बैक तथा वित्तीय संस्थासंग कारोबार गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

३२. नेपाली पर्यटक सम्वन्धी विशेष व्यवस्थाः (१) नेपाली पर्यटक सम्बन्धी विशेष व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) प्रदेश सरकारले समय समयमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लेखित कुनै व्यवस्था नेपाली पर्यटकहरुको सम्बन्धमा लागू नहुने गरी तोकि दिन सक्नेछ ।

३३. विवरणमा हेरफेर भएमा सूचना दिनु पर्नेः ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको लागि वा होटल, लज, रेष्टुराँ, रिसोर्ट,

बार वा दफा (२८) बमोजिमको पर्यटन व्यवसायको दर्ताको लागि दरखास्त दिंदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको तीस दिनभित्र उक्त कुराको सूचना पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा फर्मले मन्त्रालय वा तोकिएको अधिकारी समक्ष सूचना दिनुपर्नेछ ।

३४. व्यवसाय बन्द गर्नु परेमा सूचना दिनु पर्ने:(१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्तिवा फर्मले यस ऐन बमोजिम होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार, जलयात्रा, ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइङ, फिसिङ वा कुनै पर्यटन व्यवसाय दर्ता गरी सञ्चालन गर्ने व्यक्ति वा फर्मले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले तीस दिनभित्र मन्त्रालय वा तोकिएको अधिकारी समक्ष सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना नदिएमा निजले प्रदेश सरकारलाई बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन ।

३५. पर्यटकीय क्षेत्रको घोषणा सम्बन्धी व्यवस्था :(१) प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि एक स्थानीय तहको कुनै पनि स्थान वा एक भन्दा बढी स्थानीय तहको खास क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरेको क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, र अधिकार र त्यस्ता समितिको क्षमता लगायतका विषय तोकिए बमोजिम हुनेछ ।

३६. प्रदेश पर्यटन वोर्ड गठन :(१) प्रदेश सरकारले प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा एक आकर्षक पर्यटन स्थलका रुपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार गरी प्रदेशलाई चिनाउन प्रदेश पर्यटन बोर्ड गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरु सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. प्रदेश पर्यटन बोर्डको उद्देश्य : (१) प्रदेश पर्यटन बोर्डको उद्देश्य देहायबमोजिमको हुनेछ।

(क) प्रदेश नं.१ लाई एक आकर्षक पर्यटन स्थलका रुपमा विकसित गरी अन्तराष्ट्रिय जगतमा परिचित गराउने।

(ख) प्रदेशको प्राकृतिक तथा सास्कृतिक सम्पदा एवम् वातावरणको संरक्षण र सम्वर्दन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्दन गर्ने।

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्दनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी वढी भन्दा वढी रोजगारीका अवसरहरुको सृजना गर्ने।

(घ) प्रदेशलाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटनस्थलका रुपमा विकसित गरी राष्ट्रिय/अन्तराष्ट्रिय जगतमा प्रदेश तथा

नेपालको छवीलाई उच्च एवम् मर्यादित ढंगबाट स्थापित गर्ने।

(ङ) पर्यटकहरुलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने।

(२) प्रदेश पर्यटन वोर्डका सदस्यहरुको सेवा/सुविधा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३८. <u>पर्यटकीय क्षेत्रको पूर्वाधार विकास</u> : (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रलाई आकर्षक एवं सुविधायुक्त बनाउन गुरुयोजना बनाई आवश्यक पूर्वाधारको विकास गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार विकास गर्दा प्रदेश सरकारले आफैले लगानी गर्न वा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रको मात्रै लगानी, व्यवस्थापन र त्यस्तो पूर्वाधारको विकास एवं संरक्षण र संचालन गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको पूर्वाधार विकास लगायत अन्य व्यवस्था प्रचलित कानून वा तोकिए बमोजिम हुनेछ ।

(४) प्रदेश सरकारले पर्यटकीय क्षेत्रलाई आकर्षक एवं सुविधायुक्त बनाउन गुरुयोजना बनाई आवश्यक पूर्वाधारको विकास गर्नेछ ।

(५) उपदफा (४) बमोजिम पूर्वाधार विकास गर्दा प्रदेश सरकारले आफैले लगानी गर्न वा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रको मात्रै लगानी व्यवस्थापन र त्यस्तो पूर्वाधारको विकास एवम् संरक्षण र सञ्चालन गर्न आवश्यक निर्णय गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको पूर्वाधार विकास गर्दा प्रदेश सरकारले आफैले लगानी गर्न वा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रको मात्रै लगानी, व्यवस्थापन र त्यस्तो पूर्वाधारको विकास एवम् संरक्षण र सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको पूर्वाधार विकासलगायत अन्य व्यवस्था प्रचलित कानुन वा तोकिएबमोजिम हुनेछ ।

(८) प्रदेश गौरवका आयोजनाहरु सञ्चालन गरेर पर्यटकीय क्षेत्रको विकास र प्रवर्दन गर्न सक्नेछ।

३९. <u>पर्यटक प्रहरी व्यवस्थापन सम्बन्धी व्यवस्था</u> : (१) पर्यटकीय क्षेत्र र स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षा सम्बन्धी कार्य गर्न प्रदेश सरकारले पर्यटक प्रहरीको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटक प्रहरीको नियुक्ति, सेवा, सुविधा, परिचालन र व्यवस्थापन सम्बन्धी कार्य तोकिए बमोजिम हुनेछ ।

४०. <u>निर्देशन दिने अधिकार</u> : ट्राभल वा ट्रेकिङ्ग एजेन्सी यस ऐन बमोजिम दर्ता भएको होटल, लज, रेस्टुरौं, रिसोर्ट, बार तथा जल यात्रा वा यस ऐन बमोजिम दर्ता भएको कुनै पर्यटन व्यवसाय गर्ने व्यक्ति, फर्म वा अन्य समिति लगायतलाई प्रदेश

सरकारले आवश्यक विषयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

४१. <u>जरिवाना र उजुरी</u> : (१) देहायको कुनै काम गर्ने व्यक्तिलाई मन्त्रालय वा तोकिएको अधिकारीले पचासहजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(क) यस ऐन बमोजिम पेश गर्नुपर्ने प्रतिवेदन तोकिएबमोजिम पेश नगरेमा वा कार्यालय वा अभिलेख निरीक्षण गर्न वा जाँच्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न बाधा विरोध गरेमा,

(ख) यस ऐन बमोजिम निषेध गरिएको कुनै काम गरेमा,

(ग) यस ऐन बमोजिम दिनु पर्ने सूचना जानकारी वा विवरण पेश नगरेमा,

(घ) यस ऐन बमोजिमको निर्देशनको पालना नगरेमा,

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

४२. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार मन्त्रालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार मातहतको कुनै अधिकारी तोकी त्यस्तो अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४३. <u>नियम बनाउने</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

प्रमाणीकरण मितिः- २०७६/०४/१२

आज्ञाले,
भरतमणि रिजाल
प्रदेश सरकारको सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- www.p1moial.gov.np